"सुखी र समृद्ध मैवाखोलाको आधारः अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"

# वार्षिक नीति तथा कार्यक्रम,

## आर्थिक वर्ष, २०८२/०८३

स्थानीय सरकार

## मैवाखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सौँघु, ताप्लेजुङ

सभाबाट पारित मितिः २०८२।०२।२९

**मैवाखोला गाउँपालिकाको १७ औँ गाउँ सभामा पेश भई पारित भएको**
**आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम**

**गाउँसभाका सदस्य ज्यूहरू,**
**उपस्थित राष्ट्र सेवक कर्मचारीज्यूहरू,**

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि बनेको अधिकार सम्पन्न स्थानीय सरकार र यसको कार्यान्वयन गर्दै सङ्घीयतालाई सबल बनाउने शिलशिलामा सर्वप्रथम यस गाउँपालिकाको गौरवमय १७ औँ गाउँसभाको पहिलो बैठकमा राष्ट्रको रक्षा, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र मुलुकको सर्वाङ्गीण विकास, समृद्धि साथै अग्रगमनको लागि विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलन, शसस्त्र जनयुद्ध र राजनीतिक क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने महान् शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै वेपत्ता योद्धाहरूलाई स्मरण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संविधानले व्यवस्था गरेको राजनैतिक, प्रशासनिक र वित्तीय संघीयता अनुसार समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरण गर्न र सुशासन, विकास र सामाजिक न्याय सहितको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा तथा प्रदेश सरकारले तयार गरेको 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' साथै 'सुखी र समृद्ध मैवाखोलाको आधारः अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार' सहितको दीर्घकालीन लक्ष्यलाई आत्मसात गर्दै दीगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी जनताको सुख र समृद्धिका लागि स्थानीय सरकार प्रतिबद्ध भएर लागी परेको छ ।

स्थानीय जनतालाई सरकारको तर्फबाट जनताले खोजेको बेला र चाहेको बेला सजिलै भेट्न सकिने र जनताको समस्याहरूलाई तत्कालै समाधानका लागि अग्रसरता लिने जनताको घर आँगनको सरकारको रूपमा जनतालाई सकरात्मक परिवर्तनको आभास दिलाउने, स्थानीय जनशक्ति, सीमित श्रोत साधनको उपयोग गर्दै सुशासनलाई संस्थागत गर्न, विकास निर्माणका कामहरूलाई गति दिन र सेवा प्रवाहमा सर्व साधारणले अनुभूति गर्न सक्ने गरी कार्य योजना बनाई कार्यान्वयन गर्नु तथा गाउँपालिकाको आन्तरिक आयलाई मजबुत बनाई आत्मनिर्भर र सक्षम गाउँपालिका बनाउनु आजको हाम्रो मुख्य कार्यभार हुन् ।

**गाउँसभा सदस्यज्यूहरू!**

मैवाखोला गाउँपालिकाको वर्तमान सरकार र नेतृत्व दीर्घकालीन योजना र लक्ष्य सहित अगाडि बढिरहेको छ । सरकार सञ्चालन गर्न आवश्यक पर्ने कानुन तथा नीति रणनीतिहरू निर्माण गर्दै योजनाबद्ध विकासको अवधारणा अनुसार आवधिक विकास योजना तयार पारी गाउँपालिकाको समृद्धिका लागि प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी सोही अनुसार स्रोतहरूको परिचालन गरी अघि बढिरहेको छ । अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य पर्यटन र पूर्वाधारलाई मुख्य प्राथमिकतामा राखी समृद्धिको मार्ग चित्र सहित १२ वटा गौरवका आयोजनाहरूको सूची तयार गरी मध्यमकालीन खर्च संरचना सहित आयोजनाहरूको परिणाममुखी कार्यान्वयन गर्न र गराउन लागि परेको छ । त्यसै गरी आयोजनाहरूको पहिचान, मूल्याङ्कन तथा विश्लेषण, छनौट र प्राथमिकीकरण प्रक्रियाद्वारा छनौट भएका आयोजना र बजेट विनियोजनका लागि सहभागितामूलक, मागमा आधारित तथा पारदर्शिताका साथ योग्य आयोजनाहरुको सूची सहितको आयोजना बैंक निर्माण गरी सोको कार्यान्वयन गर्न मैवाखोला गाउँपालिका प्रतिवद्ध छ ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरू !**

अब म यस सम्मानित सभामा चालु आर्थिक वर्षको अन्त्यसम्म आइपुग्दा विषयगत क्षेत्रहरूको नतिजा तथा उपलब्धि र भइरहेका कार्यहरू र आगामी आर्थिक वर्ष २०८२\०८३ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास तर्फ**

**<u>हालसम्मका नतिजा तथा उपलब्धिहरू :</u>**

- सार्वजनिक शिक्षामा रुपान्तरण गर्ने उद्धेश्यले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि वृहद शिक्षा सम्मेलन आयोजना गरी तयार पारिएको ४२ बुँदे घोषणा पत्रलाई प्रस्थान बिन्दु मान्दै शिक्षा सम्बन्धी पञ्च वर्षीय रणनीतिक योजना तयार गरी **गुणस्तरीय र विश्वस्तरीय मानव संसाधनको अभिवृद्धि, मैवाखोलाको समृद्धि** बोकेको शैक्षिक दुरदृष्टि तय गरिएको छ ।

- सबै भन्दा तल्लो तहबाट शिक्षाको गुणस्तर सुधार गर्ने उद्धेश्यले बाल विकास शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न ६५ दिने मण्टेश्वरी तालिम सम्पन्न गरिएको छ ।

- आधारभूत तहका शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न १३० जना शिक्षकहरुकलाई ५ दिने कृयाकलापमा आधारित शैक्षणिक सामग्री निर्माण सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

- कक्षा १ देखि कक्षा ८ सम्मका लागि तयार पारिएको स्थानीय पाठ्यक्रम (हाम्रो मैवाखोला) लाई रैथाने कला कृति, संस्कार संस्कृति, प्रकृति आदिको सीप तथा ज्ञानसँग जोड्ने हिसाबले संशोधन गरिएको छ।

- गत दुई शैक्षिक सत्रदेखि कक्षा ८ को परीक्षालाई व्यवस्थित र मर्यादित बनाउँदै ल्याइएको छ र नतिजामा समेत सुधार आएको छ।

- गत शैक्षिक सत्रदेखि कक्षा १ बाट शुरू गरिएको अंग्रेजी माध्यमको पठनपाठन हाल कक्षा २ सम्म लागु गरिएको छ।

- २ वटा विद्यालयहरुमा लिम्बू भाषा र १ वटा विद्यालयमा शेर्पा भाषाको  शिक्षक व्यवस्थापन गरी पठनपाठन सञ्चालन गरिएको छ।

- विद्यार्थीहरूमा शारीरिक र मानसिक स्फुर्ति कायम राख्दै सिकाइलाई प्रभावकारी बनाउन  विद्यालयहरुमा स्मार्ट एसेम्ब्ली ( Smart Assembly) प्रशिक्षण कार्यक्रम सञ्चालन गरी लागू गरिएको छ।

- विद्यार्थीहरूको सिकाइमा विद्यार्थी स्वयं, शिक्षक र अभिभावकहरूको समान भूमिका रहन्छ त्यसैले अभिभावकहरूलाई उनीहरूको भूमिकाप्रति जवाफदेही बनाउने उद्धेश्यले प्रत्येक वडामा अभिभावक जागरण अभियान सम्पन्न गरिएको छ।

- ताप्लेजुङ जिल्लाका ९ वटा स्थानीय तहको सहभागितामा अन्तर स्थानीय तह राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ। उक्त प्रतियोगितामा हाम्रो पालिकाले २५ स्वर्ण १८ रजत १८ कास्य गरी जम्मा ६१ पदक सहित प्रथम स्थान हासिल गरेका छौँ। प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि हाम्रो गाउँपालिकाबाट छनौट भएका ४० जना खेलाडीहरू मध्ये २ जना खेलाडीहरू राष्ट्रिय स्तरका प्रतियोगितामा प्रतिस्पर्धा गर्न छनौट भएका छन्। यो हाम्रा लागि गौरवपूर्ण उपलब्धि हो।

- १५ औँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको समुद्घाटन समारोहको सु-अवसरमा सात वटै प्रदेशको संस्कृति झल्कने र लिम्बू जातिको संस्कृतिको प्रतीक मानिएको सिलाम सा:क्माको विषयवस्तुमा आधारित रहेर  ५४ फिट अग्लो मानव निर्मित सिलाम सा:क्माको प्रतिमालाई पृष्ठभूमिमा राखी करिब ८०० जना विद्यार्थीहरुको  सामूहिक नृत्य प्रदर्शनी सम्पन्न गरिएको छ।

- गाउँपालिका भित्र रहेका माद्यमिक विद्यालयहरुमा फुटबल, भलिबल, तेक्वान्दो, कराँते र उसुको खेल प्रशिक्षक व्यवस्थापन गरी प्रशिक्षण गरिएको छ।

- जेष्ठ नागरिक तथा अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरुलाई मासिक रुपमा स्वास्थ्यकर्मी घरमै गई जाँच तथा स्वास्थ्य परामर्श सेवा कार्यक्रम निरन्तर रुपमा सञ्चालन भइरहेको छ।

- नयाँ नियुक्ति भएका राष्ट्रिय महिला समुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई १० दिने आधारभूत तालिम सञ्चालन गरिएको छ ।

- जिरो होम डेलिभरिको उद्देश्यले मातृपोषण कार्यक्रम अन्तर्गत उपाध्यक्ष चेसुङ कार्यक्रम मार्फत् गर्भवती आमा र सुत्केरी आमाहरुलाई नेपाल सरकारको प्रोटोकल अनुसार पोषिलो आहार वितरण भईरहेको छ।

- गर्भवती आमाहरुलाई सबै वर्थिङ सेन्टरबाट मासिक रुपमा नि:शुल्क भिडियो एक्स-रे र ल्याब टेष्ट सेवा प्रदान गरिएको छ।

- सबै वडाका समुदायलाई समेटी दीर्घरोगीहरूको पहिचान र नसर्ने रोगहरु बारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

- वडा नं. १ को तेल्लाबुङ सामुदायिक स्वास्थ्य ईकाइलाई स्वास्थ्य चौकीमा स्तरोन्नति गरिएको छ र वडा नं. ६ मा साङ्लुपा स्वास्थ्य चौकी स्वास्थ्य मन्त्रालयमा दर्ता गरी सञ्चालनमा ल्याइएको छ।

- प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा MBBS डाक्टरको व्यवस्था गरी फार्मेसी सेवा समेत सञ्चालनमा ल्याइएको छ।

- गाउँपालिका र GWT Nepal को साझेदारीमा ४ वटा खानेपानी आयोजनाहरू सम्पन्न गरी चालु आर्थिक वर्षमा जम्मा २३० घर धुरीमा बालमैत्री धारा सहित स्वच्छ खानेपानीको व्यवस्थापन गरिएको छ।

- चालु आर्थिक वर्षमा गाउँपालिका भित्रका १२ वटा जीर्ण रहेका खानेपानी आयोजनाहरूको सुधार तथा मर्मत गरी पुन: सञ्चालनमा ल्याइएको छ।

- दलित समुदायको सशक्तिकरणका लागि अध्यक्ष कोषको व्यवस्था गरी विभिन्न कार्यक्रम सञ्चलान गरिएको छ।

- अपाङ्गताको क्षेत्रमा "अपाङ्गता रोकथाम तथा पुनःस्थापना" कार्यक्रम अन्तरगत गाउँपालिका भित्रका ६ वटै वडाहरूमा अपाङ्गता, आवश्यकता पहिचान र परिचयपत्र वितरण शिविर सञ्चालन गरिएको छ। जसमा १९९ जना प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

- अपाङ्गता भएका व्यक्तिहरुलाई पुनःस्थापना सहयोगी सामग्री वितरण, ३ जना अपाङ्गता भएका बालबालिकाहरुलाई घरमा आधारित शिक्षा, ३ जना बालबालिकाहरुलाई पाँचथर जिल्लाको सुख बोधिनी मा.वि.मा भर्ना गरिएको र १२ जना अपाङ्गता भएका व्यक्तिहरुलाई उपचारमा सहयोग गर्दा ३ जना पूर्ण रूपमा सफल उपचार र बाँकीको आंशिक रुपामा उपचार गरिएको छ।

- स्थानीय बालमैत्री शासनयुक्त पालिका घौषणा गर्ने उद्धेश्यले बालक्लबहरूको गठन तथा अभिमुखीकरण एवं जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिएको छ।

**क. शिक्षा सम्बन्धी नीतिः**

- गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, सभ्य, अनुशाशित, प्रतिस्पर्धी, श्रम र उत्पादनप्रति सकारात्कमक, वैज्ञानिक सोच बोकेका नैतिकवान, नवप्रवर्तनशील, रचनात्मक, सिर्जनात्मक, राष्ट्रिय भावना र प्रविधियुक्त तथा आफू मैवाखोलाबासी भएकोमा गर्व गर्ने सक्षम जनशक्तिको विकास गर्न सार्वजनिक शिक्षामा रूपान्तरणले मात्र सम्भव छ भन्ने उद्धेश्य राखी सामुदायिक विद्यालयहरूको गुणस्तरमा सुधार ल्याउन हाम्रो पहिलो प्राथमिकता रहने छ।
- गाउँपालिकाले निर्माण गरेको ५ वर्षे शैक्षिक रणनीतिक योजना अनुसार सम्पूर्ण शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिनेछ।
- विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना हुने तथा पढ्ने र सिक्ने वातावरण सुनिस्चित गरिनेछ।
- सम्पूर्ण सामुदायिक विद्यालयहरुको गुणस्तर र नतिजामा सुधार ल्याई Not Graded (NG) उन्मूलन गर्ने नीति लिइने छ।
- विषयगत शिक्षकहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका विषयगत शिक्षकहरू मध्येबाट विषयगत विज्ञ शिक्षक उत्पादन गर्ने नीति लिइने छ।
- शिक्षालाई पहिलो प्राथमिकतामा राखी गाउँपालिकालाई सार्वजनिक शिक्षामा नमुना पालिकाको रूपमा विकास गरिनेछ।
- प्रत्येक वर्ष शैक्षिक क्यालेण्डर निर्माण गरी गाउँपालिकाको शिक्षालाई वार्षिक रूपमा व्यवस्थित गर्दै लगिनेछ।
- शैक्षिक गुणस्तर उकास्ने उद्धेश्यले स्वस्थ प्रतिस्पर्धामा आधारित राम्रो अभ्यास तथा उत्कृष्ट कार्य साथै सिकाइ उपलब्धि हाँसिल गर्ने प्र.अ., माध्यमिक तथा आधारभूत तह (कक्षा ६-८) का विषयगत शिक्षकहरु, कक्षा १-५ सम्मका शिक्षकहरू र बाल विकास शिक्षकहरुबाट वार्षिक रुपमा उत्कृष्ट छनौट गरी पुरस्कृत तथा सम्मान गरिनेछ।
- वडा शिक्षा समिति, गाउँ शिक्षा समिति र गाउँपालिकाको अनुगमन समिति मार्फत् सबै सामुदायिक विद्यालयहरुको निरन्तर अनुगमन गरिनेछ।
- मद्यपान, धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्ने र विद्यालयमा अनियमित तथा अराजक व्यवहार देखाउने शिक्षकलाई कानुनी कारबाहीको दायरामा ल्याइने छ।
- थोरै विद्यार्थी संख्या भएका विद्यालयहरूलाई एक आपसमा गाभ्ने तथा तह घटाउन आवश्यक प्रक्रिया अगाडि बढाइने छ।
- विद्यालयहरूमा शिक्षकहरूको दरबन्दी मिलान गरी शिक्षक अपुग भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गरिने छ।
- पूर्वाधार अभाव भएका विद्यालयहरूमा पूर्वाधारको विकास गर्दै लगिने छ।
- प्रत्येक सामुदायिक विद्यालयहरुलाई स्वयं आत्मनिर्भर तथा उद्यमशील बनाउँदै लगिनेछ।
- "हाम्रो अस्पताल हाम्रै डाक्टर" को अवधारणा अनुसार ५ वर्षमा १ डाक्टर उत्पादन गरी कम्तीमा ५ वर्ष अनिवार्य रुपमा मैवाखोला गाउँपालिकामा नै सेवा गर्ने गरी एम.बि.बि.एस अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सम्पूर्ण सामुदायिक विद्यालयहरुमा इन्टरनेटको पहुँच पुर्‍याइने छ र ई- हाजिरी लागु गरिनेछ।
- विद्यालयहरुमा आई.सि.टि. र विज्ञान प्रयोगशाला विस्तारका साथै माद्यमिक विद्यालयहरुमा गणित र सामाजिक विषयको प्रयोगशाला निर्माण गरिँदै लगिनेछ।
- कक्षा ८ लाई लक्षित गरी सिकाइ उपलब्धि वृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- कक्षा ११ र १२ सम्म निःशुल्क शिक्षा उपलब्ध गराइने छ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्ष तथा सदस्यहरूलाई क्षमता अभिवृद्धि तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिने छ।
- गाउँपालिका भित्रका प्रत्येक टोलहरूमा अभिभावक जागरण अभियान सञ्चालन गरिनेछ।

**ख. युवा तथा खेलकुद सम्बन्धी नीतिः**

- विद्यालयस्तरबाट प्रतिभाशाली खेलाडी उत्पादन गर्न फुटबल, भलिबल, उसु, कराँते र तेक्वान्दो खेलको खेल प्रशिक्षक व्यवस्थापन तथा प्रशिक्षण कार्यलाई निरन्तरता दिइनेछ।
- जलजले क्लबद्वारा साँधुपाटी बजारमा वार्षिक रूपमा सञ्चालन गरिने महाशिवरात्री मेला तथा लालीमा क्लबद्वारा चासोक तङ्नामको अवसरमा वडा नं. २ स्थित ठोट्ने सिंहराज मनरानी विद्यालयको खेल मैदानमा खेलाइने खेलकुदलाई प्रायोजन गरी खेलकुद प्रवर्द्धनमा टेवा पुर्याइने छ।
- मैवाखोला मा.वि.को खेलमैदान निर्माण कार्य सम्पन्न गरिने छ।
- पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ।
- निर्माणाधीन मदन भण्डारी स्मृति रङ्गशालालाई सम्पन्न गर्न प्रदेश र संघीय सरकारसँग सहकार्यका लागि पहल गरिनेछ।
- निर्माणाधीन बहुउद्धेश्यीय कबर्डहललाई सम्पन्न गरी व्यवस्थित खेल प्रतियोगिताको आयोजना गरिने छ।
- युवाहरुलाई प्राथमिकतामा राखी स्व-रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सबै वडाका अधुरा खेल मैदानहरूलाई सम्पन्न गरिने छ।

**ग. स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीतिः-**

- नागारिकहरूलाई आधारभूत र गुणस्तरीय स्वास्थ्यमा समतामुलक पहुँच सुनिश्चित गरी सेवा उपलब्ध गराउन गाउँपालिका निरन्तर रूपमा लागिरहेको छ।
- निर्माणाधीन १५ शैयाको प्राथमिक अस्पतालको भवन निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने छ।
- प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिनेछ। समुदायस्तरमा स्वास्थ्य विमा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरुलाई मासिक रुपमा स्वास्थ्यकर्मी घरमै गई जाँच तथा स्वास्थ्य परामर्श सेवा कार्यक्रमलाई अझ प्रभावकारी बनाइने छ।
- जटिल बाहेक सामान्य तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा फार्मेसी सेवा सञ्चालनलाई अझ प्रभावकारी र गुणस्तरीय बनाइने छ।
- मैवाखोला गाउँपालिका भित्रका प्रत्येक वडालाई पूर्ण खोप युक्त घोषणा गरी सकिएकाले यसको दिगोपनाका लागि स्वास्थ्य क्षेत्रमा निरन्तर अनुगमन तथा मूल्याङकन गर्दै वडा र पालिका पूर्णखोप दिगोपना सुनिश्चितता गरिनेछ ।
- यस गाउँपालिकामा रहेका महिला सामुदायिक स्वास्थ्य संयमसेविका, महिला स्वास्थ्यकार्यकर्ता तथा स्वास्थ्य कर्मीहरूलाई अधिकतम परिचालन गरी स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।
- सुत्केरी आमा तथा नवजात शिशुहरूको नियमित स्वास्थ्य परीक्षणको लागि नर्सिङ कर्मचारी घर घरमा पठाई आवश्यक जाँच तथा परामर्श दिने व्यवस्थालाई निरन्तरता दिइने छ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड पूरा गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्नुका साथै स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइने छ।
- गर्भवती आमाहरुलाई घरबाट स्वास्थ्य संस्थासम्म निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था तथा अति विपन्न नागरिकका लागि जिल्ला अस्पतालसम्म पुर्याउन र जिल्ला बाहिरका जुनसुकै अस्पतालसम्म पुर्याउन न्यूनतम सेवा शुल्कमा एम्बुलेन्स सेवा उपलब्ध गराइने छ।
- सबै स्वास्थ्य चौकीहरूमा बर्थिङ सेन्टर सञ्चालन गरी आवश्यक जनशक्ति र प्रविधिले सुविधा सम्पन्न बनाउँदै लगिने छ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई आवश्यकताको आधारमा तालिमको व्यवस्था गरिने छ।

- वडा नं. ४ मा स्वास्थ्य इकाईको भवन निर्माण गरी सञ्चालनमा ल्याइनेछ।
- वडा नं. ५ को फाकुम्बा स्वास्थ्य चौकी भवन निर्माण कार्य अघि बढाइने छ।
- गाउँघर क्लिनिक सञ्चालन गर्न खोप केन्द्रहरूलाई व्यवस्थित गरिने छ।
- ल्याब सेवालाई थप प्रभावकारी बनाई न्यूनतम सेवा मापदण्ड अनुसारको सेवा प्रवाह गरिनेछ।
- पोषणमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक आधारभूत सूचकहरु पूरा गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- अति विपन्न आर्थिक अवस्था भएका व्यक्तिहरूको जटिल किसिमका उपचारमा सहयोग गर्न अध्यक्ष स्वास्थ्य सहयोग कोषलाई निरन्तरता दिइनेछ।
- विभिन्न किसिमका सरुवा रोग र महामारीबाट बच्न विशेष स्वास्थ्य सम्बन्धी नीति तथा योजना तय गरिने छ।
- गर्भवती आमाहरुको नियमित स्वास्थ्य चेक जाँचको लागि स्वास्थ्य चौकीहरूमा ग्रामीण अल्ट्रासाउण्ड सेवा उपलब्ध गराइने छ।
- गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई लक्षित गरी सञ्चालित उपाध्यक्ष चेसुङ कार्यक्रमलाई निरन्तरता दिन थप व्यवस्थित गर्दै लगिनेछ।
- स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय सेवा प्रवाहको लागि थप कर्मचारी तथा उपकरणहरूको व्यवस्था गरिनेछ।
- साँघु आयुर्वेद औषधालयलाई आवश्यक सामाग्री सहित व्यवस्थित गर्दै लगिने छ।
- आयुर्वेद औषधालयद्वारा गाँउघर क्लिनिक सञ्चालन गरी नसर्ने रोगहरुको पहिचान तथा न्यूनीकरण गर्दै लगिने छ।
- नागरिकहरुलाई स्वास्थ्य जीवन शैली तथा आरोग्य कार्यक्रम मार्फत आहार, विहार, व्यवहार, विचार परिवर्तन गर्न र योग व्यायमद्वारा स्वस्थ रहन अभियनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- मातृ शिशु सुरक्षार्थ स्तनपाई आमालाई स्तनजन्य औषधी वितरण कार्यक्रम मार्फत बच्चा जन्मे देखि ६ महिना सम्मका नवजात शिशुलाई कुपोषण हुनबाट बचाउन र आमालाई स्वास्थ्य राख्न औषधि वितरण गरिनेछ।
- १ घर ५ योग ५ जडिबुटी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- आयुर्वेद स्वास्थ्य स्वंम सेविका समूह गठन तथा आयुर्वेद सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।
- पञ्चकर्म सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

**घ. लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीति:**

- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न गाउँपालिका भित्र रहेका महिला समूह तथा आमा समूहहरूलाई लक्षित गरी क्षमता अभिवृद्धि तथा सशक्तिकरण गर्न नेतृत्व विकास सम्बन्धी तालिमहरूको व्यवस्था गरिनेछ।
- महिलालाई आर्थिक क्रियाकलापमा सक्रिय बनाउन महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालनलाई निरन्तरता दिइनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (JESI) सम्बन्धी निर्माण गरिएको रणनीति कार्यान्वयन तथा सोको परीक्षण गरिनेछ।
- भूमिहीन दलित तथा सुकुम्बासीहरुका लागि सिपमुलक तालिम सञ्चालन गरिनेछ।
- दलित समुदायलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न स्थापना गरिएको दलित सशक्तिकरणका लागि अध्यक्ष कोषलाई निरन्तरता दिइनेछ।
- आमा समूह, विभिन्न क्लब तथा सामाजिक संघ संस्थाहरूको अभिलेखीकरण गरी क्षमता विकासमा सहयोग गरिने छ।

**ङ. बालबालिका सम्बन्धी नीति:**

- गाउँपालिकाले २०८३ साल बैशाख भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्नका लागि गरेको प्रतिबद्धतालाई पूरा गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- एक वडा एक बाल उद्यान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- आपतकालीन बाल उद्धार कोषलाई निरन्तरता दिइनेछ।

- गठित विद्यालयस्तरीय, वडास्तरीय र पालिकास्तरीय बाल क्लब सञ्जाललाई सक्रिय गराई समाजमा रहेका बालविवाह, लागूपदार्थको प्रयोग, बालश्रम शोषण, घरेलु हिंसा, यौन शोषण जस्ता गतिविधिहरूलाई न्यूनीकरण गर्न परिचालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

**च. खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिः**

- गाउँपालिका भित्र रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पँहुचको अधिकार प्रत्याभुत गराई दिगो विकासको लक्ष्यलाई लक्षित गर्दै एक घर, एक धाराको नीति अन्तर्गत सबै नागरिकहरुको घर घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका खानेपानी आयोजनाहरुको एन वास (NWASH) डाटा प्रणालीको वास योजना अनुसार Low risk, High risk, Very high risk को तथ्याङ्क बमोजिम खानेपानी मुहानहरुको मर्मत संभार गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको दीगोपनाका लागि खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरूको गठन गरी परिचालन गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालित खानेपानी मुहानहरु र धाराहरुबाट पानीको नमुना सङ्कलन गरी खानेपानीको गुणस्तर परीक्षण गरी स्वच्छ खानेपानी प्रविधिको जडान गर्दै लगिनेछ ।
- संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा सञ्चालन र नियमन गर्ने नीति लिईनेछ ।
- निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको एन वास (NWASH) डाटामा तथ्याङ्क अद्यावधिक गर्दै लगिनेछ ।
- गाउँपालिकाभित्र रहेका जीर्ण खानेपानीका मुहानहरू लगायत अन्य खानेपानी संरचनाहरूको मर्मत गरिनेछ ।
- गाउँपालिकालाई स्वच्छ वातावरणमैत्री बनाउन गाउँपालिकाको मुख्य मुख्य बजार, सार्वजनिक स्थल, विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा कुहिने र नकुहिने फोहोरमैलाको उचित व्यवस्थापन गरिने छ ।

**छ. कला, भाषा, साहित्य र सम्पदा सम्बन्धी नीतिः**

- आदिवासी जनजातिहरूको भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा प्रवर्धन गरिने छ ।
- विभिन्न जातजातिहरूको मौलिक बाजा गाजाहरू र वेश भूषालाई संरक्षण गरिने छ ।
- स्थानीय लिम्बू र शेर्पा भाषाको पठनपाठनलाई निरन्तरता दिइने छ ।
- ऐतिहासिक सम्पदाहरूको संरक्षण गरिने छ ।

## २. पूर्वाधार विकास

**हालसम्मका नतिजा तथा उपलब्धिहरू :**

पूर्वाधार विकास अन्तर्गत गाउँपालिकाको अभिलेखमा हालसम्म २४५ कि.मि. सडक ट्र्याक खोलिएको छ । गाउँपालिका भित्रका मुख्य सडकहरूमा २१.३ कि.मि. क्षेत्रमा सोलिङ बिछ्याइएको छ । २.६ कि.मि. सडकमा पक्की नाली निर्माण गरिएको र ५ कि.मि. सडकमा ग्राभेल सम्पन्न गरी पालिका भित्रका पहिरोग्रस्त क्षेत्रमा बाहेक बाँकी सडकहरूमा बाह्रै महिना यातायात सञ्चालनमा ल्याइएको छ । गाउँपालिका क्षेत्र भित्र भवन निर्माण तथा पूर्वाधार विकासलाई व्यवस्थित गर्न विकास निर्माण सम्बन्धी मापदण्ड तयार गरिएको छ । गाउँपालिकाको आवधिक विकास योजना २०८० मा समेटिएका १२ वटा गौरवका आयोजनाहरू मध्ये गाउँपालिकाको प्रशासनिक भवन आ.व. २०८२।०८३ भित्रै सम्पन्न गर्ने लक्ष्य अनुसार तिव्र रुपमा निर्माण कार्य अघि वढिरहेको छ । १५ शैयाको प्राथमिक अस्पताल सहित गाउँपालिकाका अन्य गौरवका आयोजनाहरूको निर्माण कार्य अघि बढिरहेको छ । अन्य ठूला आयोजनाहरूमा बहुउद्देशीय कबर्ड हल, नारायणी मा.वि. साँघु र मैवाखोला मा.वि.को छात्रवास र वडा नं. ३ को स्वास्थ्य चौकीको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । हालसम्म विभिन्न विद्यालयका १० वटा भवनहरू सम्पन्न भएका छन् । बसन्तपुर, गुफा पोखरी, साँघु, ढुङ्गेसाँघु दोभान सडकलाई स्तरोन्नति गरी बाह्रै महिना यातायात सुचारू गरिएको छ । मझुवा खण्ड ताम्राङ - रिफाइले सडक खण्ड, काम्साङ - रानिवन - महेन्द्र मा.वि. सडक खण्ड, काम्साङ- घोरेटार सडक खण्ड, खार्ते -महेन्द्र मा.वि. सडक खण्ड, चाँगे- मानेडाँडा- चित्रे -भुसुने- मुढे -लाली -बुङ्दाक सडक खण्ड स्तरोन्नति गरिएको छ । वडा नं ५ र ६ लाई सडक सञ्जालसँग बाह्रै महिना जोड्न नेरुवा खोला खार्तेमा पक्की पुल निर्माण कार्य तीव्र रूपमा अघि बढिरहेको छ । यसै वर्षदेखि माङ्वाया खोलामा मोटरेबल पुल निर्माण कार्य शुरुवात हुँदै छ । दोभान-तिर्तिर-खार्ते-फाकुम्बा सडकको स्तरोन्नति भइरहेको

छ। नमुना विद्यालय मैवाखोला मा.वि.को खेलमैदान स्तरोन्नतिको कार्य अघि बढिरहेको छ। विपद्का कारण विस्थापित ६५ घर परिवारहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न भू-गर्वविदहरूबाट सम्भावित जग्गाको समग्र अध्ययन सम्पन्न गरी जग्गा व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको छ।

पूर्ण विद्युतीकरण कार्यक्रम अन्तरगत हालसम्म ८५ प्रतिशत घर धुरीहरूमा केन्द्रीय प्रशारण लाइन विस्तार भएको छ। बाँकी रहेको घर धुरीहरूमा पनि विद्युत जडान कार्य भइरहेको छ। सार्वजनिक संस्थामा सेवा प्रवाहलाई छिटो छरितो साथै प्रविधि मैत्री बनाउन फाइबरनेट प्रणाली जडान कार्य भइरहेको छ ।

**क.सडक यातायात, पक्की पुल र झोलुङ्गे पुल सम्बन्धी नीतिः**

- गाउँपालिकाको सर्वाङ्गीर्ण विकासमा टेवा पुर्‍याउने मूल सडक बसन्तपुर-गुफा-साँघु-ढुङ्गेसाँघु-दोभान सडकखण्डको स्तरोन्नति तथा विस्तारलाई अझ तिव्रता दिइने छ।
- साँघु-मझुवाखण्ड-ताम्राङ-घोरेटार-थुक्यादो हुँदै मेरिङ्देन जोड्ने सडक स्तरोन्नतिलाई निरन्तरता दिइनेछ।
- दोभान-तिर्तिरे-फटेङ्ग्रे-खार्ते-फाकुम्बा-महेन्द्र मा.वि.-रानीवन-साम्तोङ-सिन्धोलुङ झरना सडक स्तरोन्नति गरिने छ।
- चाँगे-मानेडाँडा-चित्रे-भुसुने-मुढे-लाली-बुङ्दाक सडकको स्तरोन्नति गरिने छ।
- नेरुवाखोला खार्ते निर्माणाधीन मोटरेबल पुललाई आगामी आ.व.मा सम्पन्न गर्न पहल गरी वडा नं. २, ५ र ६ का नागरिकहरूलाई यातायातमा सहज बनाइने छ।
- गाउँपालिका भित्र रहेका मुख्य सडकहरुको स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।
- सडक बोर्ड नेपालसँगको साझेदारीलाई निरन्तरता दिँदै पालिका भित्रका मुख्य सडकहरुलाई स्तरोन्नति गर्दै लगिनेछ।
- गाउँपालिकाको गौरवको आयोजनामा रहेको मैवाखोला चक्रपथलाई स्तरोन्नति गर्दै लगिने छ।
- वडा नं. ४ स्थित नेरुवा खोला, भालढुङ्गा क्षेत्रमा पर्यटन प्रवर्द्धनलाई समेत टेवा पुग्ने हिसाबले लामो दुरीको झोलुङ्गे पुल निर्माण गर्न पहल गरिने छ।
- बाह्रै महिना बग्ने खोलाहरुमा स्थानीय बासिन्दाहारुलाई हाट बजार आवत जावत, विद्यार्थीहरुलाई विद्यालय आवत जावत र स्वास्थ्य सेवा केन्द्रमा पहुँच स्थापना गर्न प्राथमिकताका आधारमा झोलुङ्गे पुल निर्माण गरिनेछ।
- याङ्देली खोलामा मोटरेबल पुल बनाउन संघ र प्रदेश सरकार सँग समन्वय गरिने छ।
- मैवाखोला गाउँपालिका र मेरिङ्देन गाउँपालिका जोड्ने थुकियादो खोलामा मोटरेबल पुल बनाउन डिपिआर भई सकेकोले मोटरेबल पुल निर्माण गर्न प्रदेश सरकारसँग समन्वय गरिने छ।
- लोदुम्बा खोला टिम्बुरे क्षेत्र, नेरुवा खोला (घिमिरे गाउँ छेउ), माङमाया खोला चल्ले क्षेत्र र वडा नं. ६ साम्तोङ स्थित नेङ्वा खोलामा मोटरेबल पुलको डिपिआर गर्न प्रदेश सरकारसँग पहल गरिने छ।

**ख. भवन तथा वस्ती विकास र सार्वजनिक निर्माण सम्बन्धी नीतिः**

- विकास निर्माण सम्बन्धी मापदण्ड, २०८२ कार्यान्वयनमा ल्याई व्यवस्थित वस्ती विकासको सुरुवात गरिने छ।
- गौरवको आयोजना अन्तरगतको गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरी नयाँ प्रशाशनिक भवनबाट सेवा प्रारम्भ गरिने छ ।
- विपन्न घरपरिवारहरुका लागि सुरु भएको फुसको छानो विस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- विपद्का कारण विस्थापित भएका ओदक वस्तीका ६५ घर परिवारलाई सांस्कृतिक पहिचान झल्किने घरहरु निर्माण गरी पर्यटन प्रवर्धन मार्फत् जिवीकोपार्जन सँग जोड्दै विपद् व्यवस्थापन क्षेत्रमा अनुकरणीय एकीकृत नमुना वस्ती निर्माण गरिने छ।
- मैवाखोला गाउँपालिकाको बहुउद्देश्यीय कभर्डहलको निर्माण कार्य अन्तिम चरणमा पुगेकाले बाँकी निर्माण कार्य सम्पन्न गरी गाउँपालिकाको आन्तरिक आयसँग जोड्ने हिसाबले सञ्चालनमा ल्याईने छ।
- निर्माणाधीन स्वास्थ्य संस्थाहरुको निर्माण कार्य सम्पन्न गरिने छ।
- गाउँपालिकाबाट निर्माण हुने सार्वजनिक भवन तथा पूर्वाधारहरु आधुनिक, प्रविधि मैत्री, अपाङ्ग मैत्री, जेष्ठ नागारिक मैत्री, बालमैत्री तथा वातावरण मैत्री बनाइने छ।

- धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको निर्माण, पुनःनिर्माण तथा मर्मत संभारलाई निरन्तरता दिइने छ।
- वडा नं. २ मा प्रङ्गारिक मल उत्पादन गर्न उद्योग स्थापनाका लागि ४ रोपनी क्षेत्रफलको जग्गा प्राप्ति भइसकेकाले उक्त जग्गामा आवश्यक पूर्वाधार निर्माण गरिने छ।
- विद्यालयहरुका जीर्ण अवस्थामा रहेका भवनहरूको पहिचान गरी नयाँ निर्माणका लागि सङ्घीय तथा प्रदेश सरकार समक्ष माग गरिने छ।
- नमुना विद्यालय मैवाखोला मा.वि.को निर्माणाधीन खेलमैदान विस्तार कार्य सम्पन्न गरिनेछ।
- सङ्घीय सरकारबाट नमुना विकासका लागि छनौट भएको नारायणी मा.वि. को पूर्वाधार निर्माण कार्यलाई सम्पन्न गरिने छ।
- अधुरा सामुदायिक भवनहरूको निर्माण कार्य सम्पन्न गरिने छ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित रूपमा बसोबास गरिरहेकाहरूको लगत सङ्कलन तथा प्रमाणीकरण गरी निःशुल्क जग्गा उपलब्ध गराइने छ।
- वडाहरूमा रहेका सांस्कृतिक सम्पदाहरूको निर्माण, पुन: निर्माण तथा मर्मत सम्भार कार्यलाई अघि बढाइने छ।

**ग.विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी नीतिः**

- गाउँपालिका भित्रका विस्तार गर्न बाँकी रहेको टोलहरुमा केन्द्रीय प्रसारण लाईन विस्तार गरी उपभोक्ताहरुको विद्युत उपभोगमा पँहुच सुनिश्चित गरी उज्यालो गाउँपालिका घोषणा गरिने छ।
- बजार क्षेत्रहरूका सडक खण्डमा सुरक्षाका लागि सडक बत्ती जडान कार्य गरिने छ।
- रुग्ण र बन्द भएका साना लघु जल विद्युत आयोजनाहरूलाई गाउँपालिकाको मातहतमा ल्याइने छ साथै उक्त प्रकृतिका आयोजनाहरूको स्थलगत रूपमा प्राविधिक अध्ययन सहित लागत अनुमान तयार पारी बिक्री वितरण गर्ने र उक्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी विद्युतीय चुलोको उपभोगलाई प्रोत्साहन गरिने छ।

**घ. सूचना, सञ्चार र प्रविधि सम्बन्धी नीतिः**

- प्रशासनिक भवन निर्माण पश्चात गाउँपालिकाको आफ्नै सर्भर स्थापना गरी एकीकृत व्यवस्थापन प्रणालीको सुरुवात गरिने छ।

**३. आर्थिक विकास**

**<u>हालसम्मका नतिजा तथा उपलब्धिहरू :</u>**

कृषि क्षेत्रमा लगानी गरी स्वरोजगारको अवसर सिर्जना गर्दै किसानहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ। अर्गानिक गाउँपालिका बनाउने उद्देश्यले रासायनिक विषादी तथा रासायनिक मलको न्यूनीकरण गर्न कृषकहरूलाई जैविक विषादी निःशुल्क वितरण गरिएको छ। मैवाखोला गाउँपालिकामा कफी खेती विस्तार गर्न विज्ञहरुद्वारा भौगोलिक सम्भाव्यता अध्ययन गरी स्थलगत प्रतिवेदनको आधारमा कफी खेतीका लागि उपयुक्त मानिएका क्षेत्रहरूमा कृषकहरुलाई कफी खेती सम्बन्धी आधारभूत तालिम दिई कफीका विरुवाहरू निःशुल्क वितरण गरिएको छ। कृषि विकास शाखा मार्फत घाँस तथा फलफूलहरूको नर्सरी उत्पादन गरी विरुवाहरू वितरण गरिएको छ। प्राङ्गारिक खेतीमा प्रोत्साहन गर्न जैविक विषादी तयारी तथा रोग, किरा नियन्त्रण सम्बन्धी तालिम सञ्चालन गरिएको छ। कृषि विज्ञहरु मार्फत फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन गरिएको छ। कृषिमा हुन सक्ने सम्भावित क्षतिको न्यूनीकरणका लगि कृषकहरुलाई कृषि बीमा सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको छ।

६ वटै वडाहरूमा पशु पालक किसानहरूलाई सेवा प्रवाह गर्ने उद्धेश्यले साबिकको ढुङ्गेसाँघु र फाकुम्बामा पशु सेवा केन्द्र स्थापना गरी सेवा प्रवाह भइरहेको छ। पशुपन्छी तथा मत्स्य पालनका कृषकहरुलाई व्यावसायिक रूपमा प्रोत्साहन गर्न किसानहरूको लागत साझेदारीमा याक चौँरी तथा माछा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। पशु नश्ल सुधारका लागि कार्यक्रम सञ्चालन गरिएको छ। पशु पन्छीमा लाग्ने रोगहरू रोकथामका लागि पी.पी. आर, स्वाइन फिवर, खोरेँत र रेबिज विरुद्धको निःशुल्क खोप सेवा सञ्चालन गरिएको छ। पशु सेवा शाखा तथा सेवा केन्द्रबाट निःशुल्क औषधि वितरण गर्दिँदै आएको छ। पशुपन्छीमा लाग्ने विभिन्न किसिमका रोगहरुको नियन्त्रणका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सङ्कलन गरी अध्यावधिक गरिएको छ।

घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने उद्देश्यले हालसम्म २२७ जनालाई उद्यम विकास सम्बन्धी तालिम दिइएको छ। पुराना उद्यमीहरूको स्तरोन्नति गर्न पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ। स्थानीय होटल व्यवसायीहरुलाई प्रोत्साहन तथा प्रवर्द्धनका लागि होटल व्यवसाय सम्बन्धी ७ दिवशीय तालिम सञ्चालन गरिएको छ। स्थानीय स्रोत, साधन तथा जनशक्तिको प्रयोग गरी व्यावसायिक रुपमा अल्लोका विभिन्न सामग्रीहरु उत्पादन

तथा बजारीकरण गर्ने उद्देश्यले १२ जना अल्लो उद्यमीहरुलाई अल्लोको कपडाबाट विभिन्न सामग्रीहरुको निर्माण सम्बन्धी ३३ दिने तालिम सहित प्रविधि हस्तान्तरण गरिएको छ। मौरी पालन सम्बन्धी ३० जना कृषकलाई ७ दिवसीय तालिम सञ्चालन गरी प्रविधि समेत हस्तान्तरण गरिएको छ। पहिरो पीडित अस्थायी आवासमा बसोबास गरिरहेका ३० जना महिलाहरूलाई २ दिने बाटेको धुप बनाउने तालिम सञ्चालन गर्नुका साथै बजारीकरणमा समेत सहयोग गरिएको छ। नयाँ उद्यमीहरू सिर्जना गर्नका लागि १५ जनालाई ८ दिवसीय उद्यमशीलता विकास तालिम सञ्चालन गरिएको छ। स्थानीय कला र सीपसँग जोडिएका घरेलु तथा साना उद्योगहरूले उत्पादन गरेका सामग्रीहरू तथा स्थानीयस्तरमा पाइने वस्तुहरूको सङ्कलन तथा बजारीकरणका लागि एक कोशेली घर यसै आ.व. मा स्थापना गरिनेछ।

इ्याउँ पोखरी क्षेत्रलाई गाउँपालिकाको आन्तरिक आय स्रोतको रूपमा विकास गर्न प्रदेश सरकार मार्फत् भोगाधिकार ग्रहण गर्ने प्रक्रिया अघि बढाइएको छ।

**क. कृषि तथा सहकारी सम्बन्धी नीतिः**

**१) कृषि**

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी पालिकालाई आत्मनिर्भर बनाउन प्राङ्गारिक खेतीको आधारमा कृषकलाई प्रोत्साहन गरिनेछ। रैथाने बाली,फलफूल र तरकारीलाई विशेष प्राथमिकता दिईनेछ।
- अर्गानिक गाउँपालिकाको आधार तयार पार्न रासायनिक मल तथा विषादीको प्रयोग क्रमशः न्युनीकरण गर्दै लगिनेछ। किसानहरुलाई रोग तथा किरा नियन्त्रणका लागि निरन्तर रुपमा जैविक विषादी वितरण गरिनेछ।
- कृषकको जीवनस्तर सुधार्न कृषकद्वारा उत्पादनको विविधीकरण गर्न तालिमको व्यवस्था गरिनेछ। साथै लागत साझेदारीमा आवश्यक उपकरण वितरण गरिनेछ।
- तापक्रम, हावापानी, भूगोल र प्रकृति अनुसारका बाली छनौट गरी कृषकको आयस्तर वृद्धि गर्न माटो परीक्षण गर्ने उपकरणको व्यवस्था गरी कृषकलाई आधारभूत ज्ञान, सीप तथा तालिमको व्यवस्था गरिनेछ।
- कृषकहरुको उत्पादनमा वृद्धि गर्न पालिका भित्रका प्रत्येक टोलहरुमा माटोको नमुना संकलन तालिम, माटो परीक्षण तथा माटो उपचार शिविर संचालन गरिनेछ।
- कृषि विज्ञहरुद्वारा तयार गरिएको प्रतिवेदन अनुसार सिफारिस गरिएको क्षेत्रहरुमा भूगोल र मौसम अनुसारका उन्नत प्रकारका अन्न बाली, तरकारीका विउ बिजन तथा फलफूलको विरूवाहरू वितरण गरी पकेट क्षेत्रहरू विकास गर्दै किसानहरूलाई व्यवसायिक बनाइने छ।
- रासयनिक मलको न्यूनीकरण गर्न जैविक मल उत्पादन गरी किसानलाई मल उपलब्ध गराउन जैविक मल उद्योगको स्थापना गरिने छ।
- कफी खेतीका लागि उपयुक्त क्षेत्र तोकिएको ठाउँका कृषकहरूलाई कफी खेती सम्बन्धी आधारभूत तालिम सञ्चालन भइसकेकोले कृषकहरूलाई कफी खेतीका लागि प्रोत्साहन गर्न कफीको विरूवा वितरण गरिने छ साथै गाउँपालिकाको तल्लो क्षेत्रहरूलाई कफी पकेट क्षेत्रको रूपमा विकास गरिने छ।
- अर्गानिक कृषि उत्पादन अभियानलाई सार्थक बनाउन प्रत्येक टोलहरूमा कृषि स्वयंसेवकहरू व्यवस्था गरी परिचालन गरिने छ।
- किसानहरूको घर दैलोमा गई व्यावसायिक र प्राङ्गारिक खेती गर्न आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन थप प्राविधिक जनशक्तिको व्यवस्था गरिने छ।

**२) सहकारी**

- गाउँपालिका भित्र सञ्चालनमा रहेका वा गाउँपालिका भित्र कार्य क्षेत्र बनाई काम गर्ने सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन गर्ने नीति लिइनेछ।
- सहकारी संस्थाहरु सक्रिय रुपमा निरन्तर सञ्चालन गर्न आवश्यक तालिम तथा समाग्रीहरु वितरण गरिने छ।
- निस्क्रिय र सञ्चलनमा नआएका सहकारी संस्थाहरूलाई खारेजीको प्रक्रियामा लगिने छ।

**ख. पशुपंक्षी विकास सम्बन्धी नीतिः**

- दुग्ध, मासु तथा अण्डा उत्पादनमा वृद्धि गर्न गाई, भैंसी, याक, चौंरी, भेँडा, बाख्रा, बंगुर, कुखुरा, माछा पालन प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका रोगहरूको उपचार तथा रोकथामका लागि औषधि तथा खोप व्यवस्थापन कार्यलाई निरन्तरता  दिइनेछ।
- किसानहरूलाई पशुपालनमा प्राविधिक सेवा प्रवाह गर्ने उद्देश्यले गाउँपालिकाका वडाहरुमा सञ्चालित पशु सेवा केन्द्रलाई  थप व्यवस्थित गरिने छ।
- पशु नश्ल सुधार गर्न उन्नत जातका साँढे, रागो, बोका, थुमा, वीर, याक खरिद तथा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक गरिनेछ।

**ग. सिँचाई सम्बन्धी नीतिः**

- गाउँपालिकाका सबै खेती योग्य जमिनहरूमा सिँचाई सुविधा पुर्याई व्यवस्थित खेती प्रणालीमा जोड दिइने छ।
- ६ वटै वडाहरूमा सिँचाई आयोजनाहरू छनौट गरी संघ तथा प्रदेश सरकारसँग समन्वय गरी निर्माण गरिने छ।
- निर्माणाधीन तथा क्रमागत सिँचाई आयोजनाहरूलाई सम्पन्न गर्न प्राथमिकता दिइनेछ।
- जन सहभागिताका उच्च सम्भावना भएका मझौला र साना सिँचाई आयोजनाहरूलाई उच्च प्राथमिकता दिइने छ।
- कृषि उपजका बढी सम्भावना भएका क्षेत्रमा प्राथमिकताका साथ सिँचाई सुविधा उपलब्ध गराइने छ।

**घ. लघु उद्यम तथा नागरिकको आय आर्जन सम्बन्धी नीतिः**

- नवप्रवर्तनमा आधारित उद्योगहरूको प्रवर्द्धन एवम् विकासलाई प्रोत्साहित गरी लघु, घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायलाई आकर्षित गर्दै आर्थिक विकास तथा रोजगारीको सिर्जना गरिनेछ।
- स्थानीय स्रोत र साधनको उचित प्रयोग गरी अधिकतम आय-आर्जन हुने खालको उद्यम व्यावसाय सञ्चालन गर्न प्राविधिक तथा व्यावसायिक सिप विकास तालिमलाई निरन्तरता  दिइनेछ।
- गाउँपालिका भित्रका विविध जात जातिहरूसँग सम्बन्धित परम्परागत पेशाहरूको संरक्षण, सम्वर्द्धन तथा आधुनिकीकरणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- एक गाउँ एक उत्पादन अभियानलाई सफल बनाउन स्थानीय कृषकहरूद्वारा उत्पादित  बेसारको प्रशोधन, ब्राण्डिङ तथा प्याकेजिङ मार्फत् प्रवर्धन गरी बजारीकरणमा सहयोग गरिनेछ
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष मेडमोडेलमा आधारित नयाँ लघु उद्यमी सिर्जना गरिनेछ।
- उद्यमशिलताको माध्यमबाट महिला, दलित,  जनजाति, अपाङ्ग र विपन्न वर्ग तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक प्राविधिक तथा व्यावसायिक सिप विकास तालिम प्रदान गरिनेछ।
- उद्यम व्यवसाय गरिरहेका पुराना उद्यमीहरुको स्तरोन्नति गर्नको लागि एड्भान्स सिप तालिम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार-व्यावसाय फर्म दर्ता र नवीकरण  अभियान तथा व्यवसायिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
- उद्यम व्यवसाय गरिरहेका उद्यमीहरूलाई थप टेवा पुर्याउन आधुनिक मेशिन तथा प्रविधिहरू सहयोग  गरिनेछ।
- अल्लोको धगोबाट तयार पारिएका विविध प्रकृतिका सामग्रीहरू गुणस्तरीय उत्पादन गर्न उद्यमीहरूलाई एडभान्स तालिम उपलब्ध गराइने छ।
- उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन गर्न स्थानीय एवं प्रदेश स्तरीय व्यापार  मेला, प्रदर्शनी मेलाको लागि सहकारी तथा  निजी क्षेत्रसँग सहकार्य र समन्वय  गरिनेछ।
- गाउँपालिकामा एक औद्योगिक ग्राम स्थापना गर्न विज्ञहरू मार्फत उद्योगहरूको सम्भाव्यता अध्ययन गरी DPR निर्माण गरिनेछ।
- व्याप्त गरिवी न्यूनीकरण गर्न आय आर्जनमुलक, रोजगारीमुलक आवश्कतामा आधारित तालिमहरू सञ्चालन गरिनेछ।
- जडिबुट्टीजन्य  व्यावसायिक खेती प्रवर्द्धन  तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- निजी क्षेत्रसँग साझेदारी गरी लगानी सम्बन्धी सार्वजनिक निजी साझेदारी मोडलमा आवश्यक नीति निर्माण गरिनेछ। स्थानीय प्राकृतिक स्रोत साधनहरू उपयोग गरी गाउँपालिका र स्थानीय समुदायहरूको आय वृद्धि गर्न निजी क्षेत्रसँग साझेदारी गरी लगानी गर्ने उद्धेश्यले सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमा आधारित नीति निर्माण गरी लगानी गरिने छ।

**ङ. रोजगार कार्यक्रम सम्बन्धी नीतिः**

- बेरोजगार युवाहरूलाई न्यूनतम रोजगारी सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालित अध्यक्ष रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिईने छ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरुका लागि नयाँ श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी बनाइने छ।
- वैदेशिक रोजगार वोर्डबाट हुने आर्थिक सहायताका लागि आवश्यक समन्वय गरिने छ।
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम आगामी आ.व. देखि सञ्चालनमा ल्याइने छ।
- रोजगार उपभोक्ता समितिहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

**च. पर्यटन विकास सम्बन्धी नीतिः**

- गाउँपालिका भित्र बाह्य तथा आन्तरिक पर्यटकहरूलाई भित्र्याउन पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र प्रवर्द्धन गरिने छ।
- झ्याउँ पोखरी क्षेत्रमा निर्माण कार्य अघि बढिरहेको गुराँस पार्क क्षेत्रलाई प्रदेश सरकार मार्फत गाउँपालिकामा भोगाधिकार लिई आवश्यक पूर्वाधारहरू सम्पन्न गरी गाउँपालिकाको आन्तरिक आयको रूपमा विकास गरिने छ।
- साँघु- झ्याउँ पोखरी -मिल्के गोरुजुरे-सभापोखरी-सिन्धोलुङ झरना पर्यटकीय पदमार्गको निर्माण कार्यलाई संघ तथा प्रदेश सरकारसँग साझेदारी गरी अघि बढाइने छ।
- मानेडाँडा भ्यू पोइन्ट क्षेत्रलाई पर्यटनको रूपमा विकास गरिने छ।
- जन नेता मदन भण्डारीको जन्म घरलाई राजनैतिक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने छ।
- वसाङ्लुङ क्षेत्रलाई सांस्कृतिक तथा मुन्धुमी अध्ययन अनुसन्धानको क्षेत्रमा विकास गरिने छ।
- पेरिङ्गे योक क्षेत्रलाई ऐतिहासिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने छ।
- साँघुपाटी क्षेत्रमा पर्यटकहरूलाई आकर्षण बढाउन सांस्कृतिक पहिचान झल्किने गरी ५४ फिट अग्लो सिलाम सा:क्माको स्थायी प्रतिमा निर्माण गरिने छ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन**

**<u>हालसम्मका नतिजा तथा उपलब्धिहरू :</u>**

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न तथा विपद्को बेलामा खोज तथा उद्धारका लागि आवश्यक करिब ४५ लाख बराबरको उपकरण तथा औजारहरू सहित स्थानीय आपतकालीन सेवा सञ्चालन केन्द्र (LEOC) स्थापना भएको छ। विपद् व्यवस्थापन कोषबाट विपद् पिडीतहरुलाई विपद्को प्रकृति हेरी आर्थिक सहयोग उपलब्ध गराइँदै आइएको छ। बाढी पहिरो तथा भू-क्षय न्यूनीकरण तथा नियन्त्रणका लागि विभिन्न वृक्ष रोपण कार्य सञ्चालन गरिएको छ।

**क. वन तथा जैविक विविधता सम्बन्धी नीतिः**

- पहिरोग्रस्त क्षेत्रहरूमा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायहरूलाई व्यावसायिक समेत बनाउने उद्धेश्यले मोसो प्रजातिको बाँसको विरुवा वितरण गरिएको छ।
- वन क्षेत्रमा गुराँस संरक्षणका लागि मिचाहा प्रजातिको बोटविरुवाहरुलाई व्यव्स्थापन गरी गुँरासको विरुवा रोपिने छ।
- अल्लोको संरक्षण तथा प्रवर्द्धनका लागि उपयुक्त क्षेत्रहरुमा अल्लोको विरुवा रोपी विस्तार गरिने छ।
- तितेपाती, चिराइतो, सतुवा, ठुलो ओखती, पाखन वेद, पाँच औंले लागायतका जडिबुटीहरुको संरक्षण गरिने छ।
- गाउँपालिकाको क्षेत्रभित्र पाइने लोपोन्मुख रेड पाण्डा (हाब्रे) संरक्षणका लागि हिमाली संरक्षण मञ्चसँग साझेदारी गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।
- वनजन्य वस्तु तथा वन्यजन्तुहरुको चोरी निकासी तथा पैठारी नियन्त्रण गर्न आवश्यक कार्यहरू गरिनेछ।
- वन पैदावारको निकासीलाई व्यवस्थित नियमन गर्न गाउँपालिकाले छुट्टै टाँचा प्रणाली लागू गरिने छ।

**ख. भू -तथा जलाधार सम्बन्धी नीतिः**

- भू तथा जलाधार संरक्षणका लागि पोखरी, तालतलैया, झरना तथा खानेपानीको मुहान संरक्षण कार्यलाई निरन्तरता दिइने छ।
- वर्षाका कारण पहिरो गई क्षतिग्रस्त हुने सडक सञ्जालले जोडिने खोला तथा खोल्सीहरुमा तटबन्धन निर्माण गरी पहिरो नियन्त्रण गरिनेछ।

**ग. वातावरण र स्वच्छता सम्बन्धी नीतिः**

- वडा नं. ४ स्थित सातपत्रे क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइडको निर्माण कार्यलाई निरन्तरता दिई सोही क्षेत्रमा बजार क्षेत्रहरुबाट उत्सर्जन भएको नकुहिने फोहोरहरुलाई विसर्जन गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- सार्वजनिक स्थलहरुमा डस्टविनको व्यवस्थापन गरी जैविक तथा अजैविक फोहोरहरुलाई व्यवस्थापन गरिने छ।

**घ. विपद् व्यवस्थापन र जलवायु अनुकुलनसम्बन्धी नीतिः**

- विपद् जोखिम न्यूनीकरणका लागि वडास्तरमा आपतकालीन सेवा केन्द्र विस्तार गरिने छ।
- आयोजनाहरूको अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ र पूर्वाधार निर्माणमा Bio Engineering प्रणालीलाई अनिवार्य गर्दै लगिनेछ।
- विपद् व्यवस्थापन कोष सञ्चालनलाई निरन्तरता दिइनेछ।
- स्थानीय आपतकालीन सेवा सञ्चालन केन्द्रमा भएका विपद् उद्धार सामग्रीहरुलाई व्यवस्थापन तथा आवश्यक सामग्रीहरु थप गर्दै लगिने छ।
- विपद्को पूर्व तयारीका लागि खोज तथा उद्धार र प्राथमिक उपचारका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**५. सुशासन तथा संस्थागत विकास**

**<u>हालसम्मका नतिजा तथा उपलब्धिहरू :</u>**

सुशासन तथा संस्थागत विकास अन्तर्गत चालु आर्थिक वर्षसम्म आइपुग्दा १९ वटा ऐन, ४ वटा नियमावली, ३० वटा कार्यविधि, ३ वटा मापदण्ड र २ वटा निर्देशिका राजपत्रमा प्रकाशन गरी कार्यान्वयन भएको छ। त्यस्तै गाउँपालिकाको २५ वर्षे दीर्घकालीन सोचसहितको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, राजश्व सुधार योजना, भू-उपयोग नीति, संगठन तथा व्यवस्थापन सर्वेक्षण, आर्थिक सर्वेक्षण, मुख्य मुख्य आयोजनाहरुको डि.पि.आर., सडक यातायात गुरु योजना, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक खरिद नियमावली, जेसी रणनीति, आयोजना बैंक निर्माण लगायतका थुप्रै कार्यहरू सम्पन्न भएका छन्।

न्यायिक समितिको क्षमता विकास तथा विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गर्न मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्दै आइएको छ।

२०८३ सालसम्ममा स्थानीय बालमैत्री शासनयुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरू निरन्तर रूपमा अघि बढिरहेको छ। पालिकाकै महत्वपूर्ण आयोजनाहरूमा पर्ने प्रशासनिक भवन निर्माण भइरहेको छ। गाउँ कार्यपालिका, सबै वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू र विद्यालयमा फाइबर नेट र स्वास्थ्य संस्था तथा कार्यालयहरुमा इ-हाजिरीलाई जडान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। जसले गर्दा समग्र सुशासन तथा संस्थागत विकासलाई महत्वपूर्ण योगदान पुर्याएको महशुस गर्न सकिन्छ।

**क) सुशासन, ऐन, कानून, न्याय तथा जवाफदेहिता सम्बन्धी नीतिः**

- सेवा प्रवाहलाई थप जनउत्तरदायी, जवाफदेही र पारदर्शी बनाउन फेसबुक पेज, डिजिटल डिस्प्ले, रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाई, लगायतका सार्वजनिक उत्तरदायित्वका माध्यमहरूको कार्यान्वयनलाई थप प्रभावकारी र निरन्तरता दिइनेछ।
- सेवा प्रवाहलाई थप सहज, सरल तथा एकरुपता ल्याउन आवश्यक पर्ने सेवा प्रवाहको मापदण्ड, तथा गुणस्तर परीक्षणका लागि आवश्यक नीति, नियम कानुन निर्माण गरिनेछ।
- कानुनी साक्षरता र सचेतनामुलक रेडियो सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै वडा कार्यालयमा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दै न्याय सम्पादनका लागि मेलमिलाप कर्ताहरुलाई आवश्यक क्षमता विकास तथा स्रोत र साधन उपलब्ध गराइनेछ।
- आयोजना तथा कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइँदै लगिनेछ।
- गाउँ कार्यपालिकाको काम छिटो, छरितो चुस्तदुरुस्त र व्यवस्थित गर्न डिजिटल माध्यमलाई जोड दिँदै लगिनेछ।
- उपभोक्ता हित संरक्षणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन तथा बजार अनुगमन नियमित गरिनेछ।

**ख) संस्थागत तथा मानव संशाधन विकास तथा सेवा प्रवाह सम्बन्धी नीतिः**

- गाउँपालिका अन्तर्गतका सबै कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा सि.सि.क्यामेरा जडान गरी सोको नियमन गर्न एकीकृत प्रणाली लागू गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा सिकाइका लागि तालिम प्रदायक संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ साथै सिकाइ आदान प्रदान गर्न अन्तरपालिका अवलोकन भ्रमण गरिनेछ ।
- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन मार्फत् सरल, सहज तथा पहुँच योग्य सेवा प्रवाह उपलब्ध गराउन तीव्र रूपमा निर्माण कार्य अगाडि बढाइनेछ ।
- स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि स्थापित अवकास कोष तथा कर्मचारी कल्याण कोषलाई निरन्तरता दिइँदै लगिनेछ ।
- स्वीकृत सङ्गठन संरचना अनुसारको दरबन्दी पदपूर्ति गरिनेछ र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई कार्यविवरणसँग आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइने छ । नेपाल सरकारले जेष्ठ नागरिकलाई उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता वडा/वडा मार्फत् वितरण गरिने प्रणालीलाई निरन्तरता दिइनेछ ।
- टोल विकास संस्थाहरूको क्षमता विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन अबलम्बन गर्न आवश्यक कार्यक्रमहरूलाई निरन्तर रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- पर्यटकीय स्थल तथा सडकहरुमा दिशा निर्देशन बोर्डहरु राखिनेछ ।

**ग) वित्तीय स्रोत परिचालन सम्बन्धी नीतिः**

- उत्पादनशील साना उद्योग तथा व्यवसायलाई प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय कर प्रणालीलाई प्रविधिमैत्री, सहज, सरल बनाउँदै लगिनेछ ।
- उपलब्ध र सम्भावित स्रोतहरुको पहिचान, परिचालन मार्फत आन्तरिक स्रोतलाई मजबुद बनाउँदै लगिनेछ ।
- प्रचलित खरिद कानून अनुसार खरिद प्रक्रियालाई स्वाच्छता, पारदर्शीता, प्रतिस्पर्धी एवं मितव्ययीता तुल्याइनेछ ।
- कर शिक्षा कार्यक्रम मार्फत कर प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाई स्वेच्छिक सहभागिता अभिवृद्धी गर्न प्रोस्ताहित गरिनेछ ।

**घ) योजना व्यवस्थापन सम्बन्धी नीतिः**

- कृषि, पर्यटन, पूर्वाधार साथै वातावरण संरक्षण लगायतका अग्रणी क्षेत्रहरूका दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ ।
- आयोजना छनौट तथा निर्माणमा दिगो विकास, लैङ्गिक विकास तथा जलवायु परिवर्तनलाई समावेश गर्दै लगिनेछ । साथै बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, ज्येष्ठ नागरिक मैत्री पूर्वाधार विकासलाई निरन्तरता गर्दै लगिनेछ ।
- योजना तर्जुमा तथा कार्यान्वयनमा सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई निरन्तरता दिँदै ठूला आयोजनाहरूको गुणस्तर परीक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- आवधिक विकास योजनाको मध्यावधि समीक्षा तथा मध्यमकालीन खर्च संरचना र आर्थिक सर्वेक्षण वार्षिक रुपमा अध्यावधिक गरी यथार्थ प्रतिवेदन तयार गरिनेछ ।
- आयोजनाहरूको मर्मत सम्भारका लागि स्थापना भएको मर्मत सम्भार कोषलाई निरन्तरता दिइनेछ ।

सभाका सदस्यज्यूहरू अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न विभिन्न माध्यमहरुबाट सुझाव दिनु हुने जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, टोल विकास संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरु, साझेदार संघ संस्थाहरु विभिन्न क्षेत्रमा कार्यरत स्थानीय वुद्धिजिवीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु साथै नीति तथा कार्यक्रमलाई समृद्ध बनाउन भूमिका खेल्नु हुने विषयगत समितिहरुका पदाधिकारी तथा सदस्यहरु, अहोरात्र खटिनु हुने राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मीहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।